का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ चैत २०८०, सोमबार

25 March 2024, Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ४१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# उपनिर्वाचनमा होमिए दलहरू

आगामी १५ वैशाखमा हुने उपनिर्वाचनका लागि एमालेले उम्मेदवारको टुंगो लगाएको छ भने कांग्रेसले उम्मेदवारका आकांक्षीहरुको नाम संकलन गरेको छ । रास्वपा उपनिर्वाचनको मिति तय भएसँगै इलाम-२ मा केन्द्रित छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ११ चैत ।

नेकपा एमालेले आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि उम्मेदवारको टुंगो लगाएको छ । नेकपा एमालेको आइतबार बसेको सचिवालय बैठकले इलाम-२ मा हुने प्रतिनिधि सभा सदस्यको उपनिर्वाचनमा सुहाङ नेम्वाङलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

एमालेका उपाध्यक्ष समेत रहेका प्रतिनिधिसभा सदस्य सुवाषचन्द्र नेम्वाङको गत भदौ २६ गते निधन भएपछि उक्त क्षेत्र रिक्त भएको थियो । त्यस क्षेत्रमा एमालेले हाल तय गरेको उम्मेद्वार सुहाङ सुवाष नेम्वाङका कान्छा छोरा हुन् ।

केही समय अगाडि मात्रै एमालेमा कानून विभाग सदस्य भएका सुहाङ व्यवसायीका रुपमा कार्यरत छन् । यसअघि नै उनले उपनिर्वाचनका लागि आफ्नो गतिविधिलाई अघि बढाएका छन् ।

आगामी वैशाख १५ गते बझाङ १ मा पनि सुदूरपश्चिम प्रदेशसभा सदस्यका लागि उपनिर्वाचन हुँदैछ । यो क्षेत्रमा एमालेले दमनबहादुर भण्डारीलाई उम्मेदवार बनाउने निर्णय पनि गरेको छ । भण्डारी हाल एमाले »» पृष्ठ २ मा



## उपचुनावको खर्च १० करोड

उपनिर्वाचन सम्पन्न गर्न सरकारले १० करोड रुपैयाँ विनियोजना गरेको छ । आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि अर्थ मन्त्रालयले निर्वाचन आयोगलाई १० करोड रुपैयाँ बजेट खर्च गर्न स्वीकृति दिएको हो ।

आयोगले इलाम क्षेत्र नम्बर २ मा प्रतिनिधि सभा निर्वाचन र बझाङ क्षेत्र नम्बर १ को प्रदेश सभा १ मा हुन लागेको उपनिर्वाचनका लागि अर्थ मन्त्रालयसँग १० करोड रकम मागेको थियो । मागे जति नै रकम स्वीकृत भएको छ ।

आयोगले मतदाता नामावली अद्यावधिक गर्ने र निर्वाचन सामग्री व्यवस्थापनको काम गरिरहेको छ । निर्वाचन हुने जिल्लामा कति सामग्री छ, नपुग्ने भए अर्को »» पृष्ठ २ मा

# दोब्बरले बढ्यो कालोसूचीमा थपिने संख्या

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ११ चैत ।

चालु आर्थिक वर्षमा बैंकहरूको कालो सूचीमा पर्नेको बढेको छ । बितेको ८ महिनामा बैंकहरूबाट ऋण लिएर समयमा साँवा ब्याज नतिर्नेहरू मध्ये ३० हजार ४ सय ९४ व्यक्ति र संस्थाको नाम सार्वजनिक भएको छ । लघुवित्तबाट ऋण लिएर नतिर्नेको संख्या १ हजा ५ सय ८४ नाघेको छ । यो संख्या सँगै अहिलेसम्म कालो सूचीमा रहेका कुल ऋणीको संख्या १ लाख ७७ हजार पुगेको छ ।

२०४७ सालअघि बैंकबाट ऋण लिएर समयमा नतिर्नेको संख्या अत्यन्तै कम थियो । कर्जा सूचना केन्द्रको तथ्यांकअनुसार पछिल्लो दशकमा कर्जा नतिर्ने र चेक बाउन्समा पर्नेको संख्यामा तीव्र बृद्धि भएको हो । केन्द्रले तीन दशकअघिदेखि विभिन्न बैंक तथा वित्तीय संस्थाबाट रकम लिनेहरू मध्ये समयमा नतिर्ने र गलत चेकहरू दिनेको नाम कालो सूचीमा राख्न थालेको हो ।

> नेपालमा कोरोना महामारीको लकडाउन पछि कालोसूचीमा पर्ने ऋणीहरू अत्यधिक बढेको तथ्यांक छ । बितेको आठ महिनामा मात्रै ३१ हजार बढी कालोसूचीमा थपिएका छन् ।

कर्जा सूचना केन्द्रका अनुसार, पछिल्ला दश वर्षमा यसरी कालो सूचीमा पर्नेहरूको संख्या ह्वात्तै बढेको छ । यो संख्यासँगै नेपाली बैंक तथा वित्तीय संस्थाहरू मार्फत् बाहिरिएर फिर्ता नआएको ऋण अर्थात् बैंकहरूको खराब कर्जा बढ्दै गएको देखिन्छ । तथ्यांकअनुसार २०४६ सालसम्ममा बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएर समयमा नतिरेका व्यक्तिको संख्या १० जना मात्रै रहेको देखिन्छ ।

त्यसपछि २०४७ सालमै ६० जना पुगेकोमा पछिल्ला वर्षहरू क्रमश: यो संख्या बढ्दै गयो । नेपालमा कोरोना महामारीको लकडाउन पछि कालो सूचीमा पर्ने ऋणीहरू अत्यधिक बढेको तथ्यांक छ । तथ्यांकअनुसार आर्थिक वर्ष २०७१/७२ को अन्तिमसम्म कालो सूचीमा पर्नेको संख्या जम्मा तीन हजार १२९ जना मात्रै थियो । आर्थिक वर्ष २०७२/७३ मा ४०९ जना थपिएपछि सो संख्या संख्या तीन हजार ६०९ पुग्यो ।त्यसपछि आर्थिक वर्ष »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# प्रगतिशील मञ्चद्वारा अपांग पुनर्स्थापना केन्द्रलाई सहयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ चैत

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले जोरपाटीस्थित अपांग पुनर्स्थापना केन्द्रमा आश्रित बालबालिकासँग यस वर्षको फागु पूर्णिमा अर्थात होली मनाएको छ । मञ्चले केन्द्रमा आश्रित बालबालिकाका लागि 'ह्याप्पी होली' अंकित टिसर्ट, आइतबार बिहानको खानासहित ६६ हजार ६ सय रूपैयाँ प्रदान गरेको छ ।

उक्त केन्द्रमा आयोजित संक्षिप्त कार्यक्रममा मञ्चका अध्यक्ष जनक रावलले संस्थाका अध्यक्ष उदय बहादुर लिम्बूलाई ६६ हजार ६ सय रूपैयाँको चेक हस्तान्तरण गरे । चेक हस्तान्तरण गर्दै मञ्चका अध्यक्ष रावलले व्यवसायीको सामाजिक उत्तरदायित्वको सिद्धान्त अन्तर्गत अपांग पुनर्स्थापना केन्द्रलाई सहयोग गरिएको र भविष्यमा पनि सहयोग जारी रहने बताए ।



रावलले बालबालिकाको शिक्षा, भोजन तथा मनोरञ्जन कार्यक्रम लिएर आएको बताउँदै केन्द्रमा अभिभावकविहीन अवस्थामा रहेका बालबालिकालाई भविष्यका दिनमा पनि सहयोग गरिरहने बताए ।

वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्रीले आश्रित बालबालिकाको उज्ज्वल भविष्यका लागि गरेको कार्यप्रति मञ्च तथा केन्द्रलाई शुभकामना व्यक्त गरे । केन्द्रका अध्यक्ष लिम्बूले आश्रित बालबालिकालाई »» पृष्ठ २ मा

## नेपाली सुरक्षागार्डले बुझाएको ५ लाख रिंगेटका धनी परेनन् फेला

**मलेसिया/मस-** मलेसियामा नेपाली सुरक्षागार्डले फेला पारी प्रहरीलाई बुझाएको ५ लाख रिंगेटका धनी फेला परेका छैनन् । मलेसियाको दमनसाराको एक सपिङ सेन्टरको पार्किङमा भेटिएको उक्त रकमबारे शुरूमा एक सूचना प्रविधि कम्पनीले आफ्नो व्यापारको रकम भन्दै दाबी गरेपनि सेलान्गोरका प्रहरी प्रमुख हुसेन ओमर खानले कम्पनीका निर्देशकबाट उक्त रकमबारे प्रमाणसहित बयानका लागि बोलाउँदा अलमल »» पृष्ठ २ मा

# जिल्ला शिक्षा कार्यालय राख्ने कांग्रेसको प्रस्ताव

मुलुक संघीयतामा गएपछि स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाउने संवैधानिक भावना भएपनि प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले नयाँ स्वरुपसहितको जिल्ला शिक्षा कार्यालय राख्नुपर्ने प्रस्ताव गरेको छ ।



> माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहेको मतसमेत आएको छ । तर यो संघबाट अलग छैन । यसकारण तीनै तहको अधिकार र कर्तव्यभित्र पर्छ भन्ने बुझ्नुपर्छ ।
>
> ● **दिलेन्द्रप्रसाद बडू**
> **सांसद, नेपाली कांग्रेस**



**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ११ चैत ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले नयाँ स्वरुपमा जिल्ला शिक्षा कार्यालय राख्ने प्रस्ताव राखेको छ । संघीयता आएसँगै यसलाई हटाउनुपर्ने माग उठिरहेका बेला कांग्रेसले नाम फेर्ने, तर जिल्लामा संयत्र राखेर त्यस मार्फत् समग्र जिल्लाको शिक्षाको गुणस्तर अनुगमन गर्ने, शिक्षक सरुवा र प्राध्यानाध्यापक नियुक्तिका संलग्न गराउने प्रस्ताव राखेको हो ।

विद्यालय शिक्षा विधेयकमाथि दफावार छलफलमा कांग्रेसले यस्तो प्रस्ताव राखेको हो । यो विधेयक प्रतिनिधि सभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा »» पृष्ठ २ मा

दिल्लीमा रोमानियालगायतका भिएफएसमा काम पर्ने म्यानपावर संचालकहरुका लागि

अत्यन्त काम लाग्ने जानकारी !!!



नेपाली श्रमिकहरुका लागि भारतको राजधानी नयाँ दिल्लीस्थित रोमानिया एम्वेसी तथा भिएफएसमा आवश्यक पर्ने सम्पूर्ण प्रक्रियाको कामका साथै सस्तो र सुलभरुपमा खाना, बस्न र एम्वेसी लैजान, फर्काएर ल्याउनलगायतका सम्पूर्ण काममा सहजीकरणका लागि हामीलाई सम्झनुहोस् । नेपालबाट एक जना या ग्रुप आउँदा म्यानपावरका प्रतिनिधि आउनु पर्दैन, हामी सबै कामको सहजीकरण गर्नेछौं ।

(नेपालबाट दिल्ली आउँदा बसको ड्राइभरलाई मा माया पुल नोयडामा झारी दिन भन्नुहोला, त्यहाँ अटो पाइन्छ, अटोलाई 9560171864 मा कल गर्न लगाउनुहोला । हामी लोकेशन दिनेछौं, अटोले होटल श्याम प्यालेस सरिता बिहार ल्याइदिन्छ ।)

JSH SHYAM PALACE
A BOUTIQUE HOTEL
AC ROOMS FOR RENT
A UNIT OF J S HOSPITALITY

1-C, Main Market, Madanpur, Khadar, Sarita Vihar, Near MCD Dipensary, New Delhi-76, Email : infojshospitality@gmail.com, info@shyampalace.co.in. Fixed Line : +91-11-40550646, Website: www. shyampalace.co.np

LOCATION :
01 km From Sarita Vihar Metro Station & Mohan Cooperative Industrial Estate & Apollo Hospital 02 km from Jasola

FACILITIES :
INDIVIDUAL AC, CLEAN & MODERN ROOMS, COMFORTABLE BEDS, WARDROBES, MINIBAR, FREE WI-FI Toiletries, Telephone, Power Backup, 24 Hrs Room Service, Housekeeping, Laundry, Wheel Chair Access, Elevator, CC TV

HEALTH AND HYGIENE :
Covid 19 Compliant, Regular Sanitisation, Social Distancing, Monitoring of staff

FREE DROP ROMANIA AMBASSY, BULGARIA AND SLOVAKIYA AND FREE VFS

स्वयम्भूबाट सिधै दिल्ली जान बस सेवाका लागि सम्पर्क (बासु तामाङ) : 9813844866, 9704105889, 9767334296

मध्यान्ह
www.madhyanhadaily.com
१२ चैत २०८०, सोमबार
25 March 2024, Monday

# ‘दुई हप्ते खोकी, कतै क्षयरोग पो हो कि ?’

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ११ चैत

जुम्लामा विश्व क्षयरोग दिवस मनाइएको छ। ‘हो ! हामी क्षयरोग अन्त्य गर्छौं’ भन्ने मूल नाराका साथ शुक्रबार विश्व क्षयरोग दिवस जुम्लामा पनि मनाइएको हो।

‘दुई हप्ते खोकी क्षयरोग हो की’भन्ने प्लेकार्डसहित र्‍याली कार्यक्रम गरिएको थियो । जनस्वाथ्य कार्यालय जुम्ला र चन्दननाथ नगरपालिकाको स्वास्थ्य शाखा जुम्लाले संयुक्त रुपमा यो दिवस मनाएका छन् ।




त्यस्तै क्षयरोग चुनौतिको विषय बन्दै गएकाले त्यसलाई रोक्न सबै नागरिकमा सचेतना जगाउनु आवश्यक रहेको चन्दननाथ नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख पृथ्वी नाथ योगीले बताए। उनले नागरिकहरुको लापरबाहीका कारण क्षयरोग समस्याको रुपमा देखा पर्दै गएको भन्दै चिन्ता समेत व्यक्त गरे। उनले भने, ‘यो दिवसमार्फत दुरदराजका नागरिकहरु समक्ष सचेतनाका कार्यक्रमहरु पुर्‍याउन सके क्षयरोग नियन्त्रण गर्न सकिन्छ।’उनका अनुसार सचेतनाको कमीका कारण अझै पनि धेरै नागरिकहरुले समस्या दबाएर राख्ने गरेको छन् ।

त्यस्तै चन्दननाथ नगरपालिका स्वास्थ्य शाखाका जनस्वास्थ्य निरीक्षक क्षेत्र बहादुर महतले आम नागरिकमा सचेतना जगाउन र समाजमा कोही कतै क्षयरोगका लक्षण देखिएका बिरामी फेला परेमा उजागर गर्न पत्रकारहरुलाई आग्रह समेत गरे । उनले क्षयरोग समयमै पहिचान भए निको हुने भएकाले आम नागरिकलाई यस विषयमा जानकारी गराउनु आवश्यक रहेको धारणा व्यक्त गरे । महतका अनुसार क्षयरोगको औषधी निःशुल्क पाइन्छ।

त्यस्तै जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका प्रमुख कृष्णा सापकोटाले क्षयरोगका बिरामीले औषधी नियमित नखाइदिँदा रोगको रोकथाममा चुनौती थपिने देखिन्छ । उनले भने ‘क्षयरोगका बिरामीहरूले लामो अवधिसम्म उपचार गर्न आइ दैनिक औषधी सेवन गर्नुपर्ने हुन्छ। तर यसलाई झन्झट मानेर धेरै बिरामी नियमित रूपमा औषधी सेवन गर्दैनन् । अर्कातिर, सिकिस्त बिरामी नपरी स्वास्थ्य परीक्षण नगराउने र रोग लुकाएर राख्ने जस्ता कारणले क्षयरोगीको संख्या घट्न सकेको देखिन्छ ।’ उनले सबै नागरिकमा क्षयरोगका बारेमा सचेतना फैलाउने पत्रकारहरुको पनि ठूलो भूमिका रहने बताए। यस अघि जनस्वास्थ्य कार्यालय जुम्लाले पत्रकार र सरोकारवालाग क्षयरोग के हो ? यसबाट बच्न के गर्नुपर्छ ? यसका लक्षणहरु, उपचार विधि, जुम्लाको क्षयरोगको अवस्था लगायतका विषयमा जानकारी गराएका थियो ।

त्यस्तै स्वास्थ्यकर्मीका अनुसार क्षयरोग श्वासप्रश्वासको माध्यमबाट सर्ने, माइक्रोब्याक्टेरियम ट्युबरक्लोसिस नामको सुक्ष्म कीटाणुबाट हुने सरुवा रोग हो । जसको समयमा परीक्षण गराएर औषधी नियमित खानुपर्छ । क्षयरोगको जोखिम समूहमा जेष्ठ नागरिक, बालबालिका, स्वास्थ्यकर्मी, एचआईभी संक्रमित, मधुमेह भएका व्यक्ति, गर्भवती महिला, कैदी तथा बन्दी, अंग प्रत्यारोपण गरेका व्यक्तिहरु रहने गरेको पाइन्छ । कार्यक्रममा पत्रकार,स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधिहरु र महिला स्वास्थ्य स्वयम सेविकाहरुको सहभागीता रहेको थियो ।

# अर्घाखाँचीमा ४७ प्रतिशत क्षयरोगी उपचारबाहिर

**नविन वि.क/मध्यान्ह**
अर्घाखाँची, ११ चैत

अर्घाखाँची जिल्लामा आ.व. २०७९/८० मा २ सय २२ जना क्षयरोगका बिरामी पत्ता लागेका छन् । १ सय ५२ जना पुरुष र ७० जना महिला गरी जम्मा २ सय २२ जना क्षयरोगका बिरामी जिल्लामा पत्ता लागेको स्वास्थ्य कार्यालय अर्घाखाँचीले जनाएको छ। कार्यालयका अनुसार अझैं ४७ प्रतिशत केस लुकेर रहेको अवस्थामा छन् ।

एक लाख जनसंख्यामा २ सय ४५ केस हुने अनुमान गरिन्छ, जसअनुसार अर्घाखाँचीमा क्षयरोगका ४ सय १६ केस पत्ता लगाउनुपर्नेमा आ.व ०७९/८० मा २ सय २२ केस मात्र पत्ता लागेका स्वास्थ्य कार्यालय अर्घाखाँचीका प्रमुख शिव नेपालीले बताए। उनले जिल्लामा आ.व ०७९/८० मा ६ जनाको क्षयरोगका कारण मृत्यु भएको समेत जानकारी दिए ।



क्षयरोग माइकोव्याक्टेरियम ट्युवरकुलोसिस नामक किटाणुबाट लाग्ने एक किसिमको सरुवा रोग हो । यो रोग लागेका एक व्यक्तिले एक वर्षमा १० देखि १५ जना व्यक्तिमा सार्न सक्ने प्रमुख नेपालीको भनाइ छ ।

‘क्षयरोग एक किसिमको सरुवा रोग हो, क्षयरोगबारे जनचेतना नहुँदा यसको सोचेजति केस पत्ता लगाउन सकिएको छैन,’ उनले भने ‘गाउँ/गाउँ सम्म यसबारे जानकारी गराउन सके यसको पहिचानको लागि धेरै सहज हुने थियो ।’

यस्तै नेपालमा हरेक वर्ष नयाँ तथा पुराना गरी करिब १ लाख १७ हजार क्षयरोगका बिरामी हुन्छन् भने हरेक वर्ष क्षयरोगका ६९ हजार नयाँ बिरामीहरु थपिने र करिब १७ हजार जनाको क्षयरोगका कारण मृत्य हुने अनुमान गरिएको स्वास्थ्य कार्यालय अर्घाखाँचीका कार्यक्रम संयोजक तथा सूचना अधिकारी विजय वि.कले बताए ।

वि.कले सन् २०३५ सम्म नेपालमा क्षयरोग न्युनिकरण गर्दै सन् २०५० सम्ममा नेपाललाई क्षयरोग मुक्त बनाउने लक्ष्य रहेको समेत बताए ।

हरेक वर्ष मार्च २४ लाई विश्व क्षयरोग दिवसको रुपमा मनाइंदै आइएको छ । यस वर्ष पनि ‘हो ! हामी अन्त्य गर्छौं’ भन्ने नाराका साथ विश्व क्षयरोग दिवस मनाइएको सुचना अधिकारी वि.कले बताए ।

‘विश्व क्षयरोग दिवसका दिन संसारभरी क्षयरोगका कारण अकालमा मृत्यु भएका व्यक्तिहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न, हाल क्षयरोग लागेका व्यक्तिहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न र भविष्यमा यस रोगबाट कसैले पनि मृत्युवरण गर्न नपरोस् भनि प्रतिबद्धता जायर गर्न यो दिवस मनाइदैं आइएको छ,’ उनले भने,‘समुदायमा अझैंपनि क्षयरोगबारे प्रयाप्त जानकारी नभएको तथा क्षयरोग व्यवस्थापनमा उनीहरुको संलग्नताको आवश्यकता रहेको छ ।’

दुई साता वा सो भन्दा बढी लगातार खोकी लागिरहनु, शरिरको तौल घट्दै जानु, खासगरी साझपख ज्वरो आउनु, छाति दुख्नु, खाना मन नलाग्नु, खकारमा रगत देखिनु आदि क्षयरोगका लक्षणहरु भएका अर्घाखाँची अस्पतालका निमित्त प्रमुख डा.अशोक शाहले बताए ।

क्षयरोग लागेका व्यक्तिलाई एकै प्रकारको लक्षण देखिने भन्ने हुँदैन् । बीना लक्षण पनि क्षयरोग लाग्न सक्ने डा. शाहको भनाइ छ। क्षयरोगको निःशुल्क उपचार र परिक्षण हुने शाहले जानकारी दिए। यो रोग नियमित औषधी सेवनबाट पूर्ण निको हुने उनले बताए ।

### उपनिर्वाचनमा...

पार्टीको जिल्ला अध्यक्ष पनि हुन् । कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत दलले पनि उपचुनाव केन्द्रित गतिविधि अघि बढाएका छन् ।

कांग्रेसको सम्बन्धित पार्टी कमिटीले इलाम-२ र बझाङ १ का लागि उम्मेदवारहरुको सिफारिस गरिसकेको छ । कांग्रेसको क्षेत्रीय कार्यसमिति, प्रदेश प्रतिनिधि र महाधिवेशन प्रतिनिधिको संयुक्त बैठकले ६ जनाको नाम सिफारिस गरेको हो ।

जसमा भेषराज आचार्य, डम्बरबहादुर खड्का, केशव थापा, नगेन्द्र कुमाल, रमेश लिङ्देन, चन्द्रमाया लिम्बु र शान्तिकला राई तामाङ छन् । आचार्य २०७० सालको संविधानसभा निर्वाचनमा एमाले नेता सुवासचन्द्र नेम्वाङसँग पराजित भएका थिए भने खड्का ४ मंसिर २०७९ को आमचुनावमा नेम्वाङसँगै पराजित भएका थिए ।

बझाङको उपनिर्वाचनका लागि जिल्ला कार्यसमितिले आकांक्षी १० जना उम्मेदवारको नाम सिफारिस गरेको छ । पृथ्वीबहादुरका छोरा अभिषेक सिंहसँगै सत्यराज भण्डारी, जगतप्रसाद जोशी, शान्ति बोहरा, नन्दकृष्ण जोशी, ध्रुवराज उपाध्याय, विष्णुकुमार सिंह, लोकेन्द्रबहादुर रोकाया, नारायण हमाल र अर्जुन स्याडाको नाम सिफारिस भएको छ ।

कांग्रेसले नाम सिफारिसका लागि तोकिएको समय सकिएको छ। केही दिनमा उम्मेदवारबारे निर्णय लिने कांग्रेसको तयारी छ। इलाम २ का लागि आगामी शनिबार उम्मेदवार घोषणा गर्ने रास्वपाको तयारी छ । निर्वाचन आयोगले उपचुनावको मिति तय गरेसँगै सहमहामन्त्री कविन्द्र बुर्लाकोटीलाई इलाम २ मा खटाएको थियो भने मत सर्वेक्षण गर्न ६ जना सांसद पनि गएका थिए ।

राप्रपाले इलाम २ मा चुनावी गतिविधिका लागि रवीन्द्र लिङ्देनको नेतृत्वमा टोली परिचालन गरेको छ भने लक्ष्मी गुरुङलाई उम्मेदवार बनाउने तयारी गरेको छ । राप्रपाले बझाङमा उम्मेदवारी दिँदैछ ।

एकीकृत समाजवादीले पनि दुबै क्षेत्रमा उम्मेदवारी दिने तयारी गरेको छ । पार्टीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाका अनुसार उम्मेदवारीको तयारी हुँदैछ ।

दुवै क्षेत्रमा हुने दलहरुसँग समीकरणबारे हुने निर्णयपछि निर्णय लिने माओवादी केन्द्र केन्द्रको भनाइ छ । माओवादी केन्द्रका सम्बन्धित कमिटीले समेत उपचुनावको तयारीबारे अनौपचारिक छलफल चलाइरहेका छन् ।

### उपचुनावको...

जिल्लाबाट कति लैजानुपर्छ भनेर निर्वाचन सामग्री व्यवस्थापन भइरहेको प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया बताउँछन् ।

उनका अनुसार मुख्य निर्वाचन अधिकृत तोक्नका लागि नाम माग्ने तथा कार्यालय व्यवस्थापन गर्ने लगायतका काम भइरहेको छ । सूक्ष्म रूपमा सुरक्षा संयन्त्र प्रयोग गरेर सुरक्षा अवस्थाको आँकलन, मतदाताको उत्साह, दलहरूप्रतिको दृष्टिकोण, शान्ति सुरक्षा सम्बन्धी अवस्थाको अध्ययन गर्ने काम भइरहेको छ। यही चैत २२ गते अन्तिम मतदाता नामावली प्रकाशन, २४ गते उम्मेदवारी दर्ताको कार्यतालिका छ ।

### दोब्बरले...

२०७३/७४ मा यसरी कालो सूचीमा पर्नेहरूको संख्या ५०१ जना थपिँदै ४ हजार १११ पुग्यो। त्यसको अर्को वर्ष २०७५/०७५ जना सो सूचीमा ८९२ जना थपिएपछि सो संख्या पाँच हजार २ पुग्यो। २०७५/०७६ मा भने एकै वर्ष १८ सय ६७ जना ऋणी कालो सूचीमा थपिए। यसपछि कालोसूचीमा पर्ने संख्या छ हजार ८ सय ६९ पुग्यो ।

आर्थिक वर्ष २०७६/०७७ मा यो संख्या दुई हजार ९ सय ८५ जना थपिदै ९ हजार ८५४ जना पुग्यो । २०७७/०७८ मा ४ हजार ३ सय ४१ जना थपिएपछि कालो सूचीमा पर्ने ऋणीको संख्या १४ हजार १ सय ९५ जना पुग्यो । यसैगरी २०७८/०७९ मा ११ हजार ९ सय ६७ जना थपिँदै सो संख्या २६ हजार १ सय ५८ पुगेको तथ्यांक छ ।

गत आर्थिक वर्ष कालो सूचीमा पर्ने ऋणीको संख्या अघिल्लो आर्थिक वर्ष २०७९/०८० को भन्दा झण्डै दोब्बर बढेको देखिन्छ । सो आर्थिक वर्षमा कालो सूचीमा २६ हजार ९३७ जना ऋणीको नाम थपियो । चालु आर्थिक वर्षको आठ महिनामा मात्रै यो संख्या दोब्बरले नै बृद्धि भएको छ ।

कर्जा सूचना केन्द्रको तथ्यांकअनुसार निष्कृय कर्जा र चेक बाउन्स रकम पनि बढेको छ । गत आर्थिक वर्ष २०७९/०८० सम्ममा ५५ अर्ब रूपैयाँ निष्कृय कर्जा पुगेको कर्जा सूचना केन्द्रले जनाएको छ । सो अंक आर्थिक वर्ष २०७८/७९ को भन्दा ४५ अर्ब बढी हो । आर्थिक वर्ष २०७८/७९ मा १७ अर्ब रहेको चेक बाउन्समा परेको तथ्यांक गत आर्थिक वर्षमा ३८ अर्ब रूपैयाँ पुगेको छ ।

**ऋण तिर्न घरजग्गाको किनबेच**

पछिल्लो समय घरजग्गा कारोबार बढ्न थालेको तथ्यांकले देखाउँछ । जसका कारण लामो समयदेखि निष्कृय रहेको बैंकहरूको कर्जा पनि केही हदसम्म मिलान हुन थालेको बताइन्छ । बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण लिएर तिर्दै नतिर्ने र लिलामी प्रक्रियामा जानुपर्ने अवस्था बढ्दै गएपछि बैंकिङ बारबाहीबाट बच्न सस्तोमा किनबेच पनि हुने गरेको छ ।

संख्यात्मक हिसाले चालू आर्थिक वर्षको ८ महिनामा ३ लाख २९ हजार ९२१ घरजग्गा खिलबर पास गरिएको छ। यसरी लिखर पास गरिएका अधिकांश घरजग्गा बैंकको लिलामीमा पर्न लागेका र लिलामीमा पर्ने जोखिम बढेकाहरू रहेको कारोबारीहरू बताउँछन् ।

घरजग्गाको कारोबार संख्यामा केही बढेको देखिए पनि बैंकको कर्जा मिलाउनकै लागि अत्यन्तै कम मूल्यमा किनबेच भइरहेको रियलस्टेट ब्यवसायी ईश्वर खरेल बताउँछन् । उनी भन्छन्, ‘अहिले अलीअली घरजग्गामा कारोबार बढेको छ । पहिला चलेको मूल्यभन्दा निकै कम मूल्यमा बैंकको लिलामीबाट बच्न घरजग्गा बेच्नेहरू धेरै छन् । किन्नेहरूका लागि घरजग्गाको कर्जामा केही सहज भएकाले किनिरहेका छन्। अर्थात्, बैंकको लोन मिलाउनकै लागि धेरै घरजग्गा किनबेच भइरहेको हो । खास किनबेच भएको होइन ।’

एनकाअनुसार घरजग्गा कर्जा नीतिमा केही खुकुलो भएपछि कारोबारीले नयाँ धीतो कारोबार गरी पुरानो कर्जा मिलान पनि गरिरहेका छन् ।

वर्षेनि खराब कर्जा, निष्कृय कर्जा र बढ्दो कालो सूचीले अर्थबजारको जर्जर अवस्था देखाउने विज्ञहरू बताउँछन् । विज्ञहरू भन्छन्, ‘यो तथ्यांक भयावह हो । यसले बैंक तथा वित्तीय संस्थाहरू जोखिममा पर्ने खतरा छ ।’

कालो सूचीको कारण जे भए पनि अर्थतन्त्र अप्ठेरोमा रहेको देखिने पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षत्री बताउँछन् । उनी भन्छन्, ‘वर्षेनि ठूलो संख्यामा व्यवसायी कालो सूचीमा पर्नुले नेपालको अर्थतन्त्र निकै धरासायी भएको भन्न्न सकिन्छ । गम्भीरु समस्या हो यो । यसले वित्तीय क्षेत्रमा संकट बढाउँछ बचतकर्ताको वित्तीय क्षेत्रप्रतिको विश्वसनीयता घट्छ ।’

कुनै पनि बैंक वा वित्तीय संस्थाले आफूले स्वीकृत गरेको सम्पूर्ण कर्जा सुविधाको विवरण कर्जा सूचना केन्द्रलाई जानकारी गराउनुपर्छ । त्यसरी लिएको कर्जाको ९० दिनभन्दा बढी अवधिले भाका नाघेका सम्पूर्ण कर्जा सुविधाको विवरण र दश लाख रुपैयाँ वा सो भन्दा बढीको कर्जा रकम कालो सूचीमा राख्ने व्यवस्था छ । लघुवित्त वित्तीय संस्थाहरुको हकमा भने ५ लाख वा सो भन्दा बढीको कर्जा रकम भएका ऋणीहरुलाई कालो सूचीमा राख्छि । यसैगरी नियतवश कर्जा नतिर्ने ऋणीलाई भने जतिसुकै परिमाणको ऋण भए पनि कालो सूचीमा राख्न सकिन्छ ।

कालो सूचीमा परेको संस्था वा व्यक्तिलाई कुनै पनि बैंक तथा वित्तीय संस्थाबाट पाइने सेवा सुविधामा बन्देज हुन सक्छ भने त्यस्ता ब्यक्तिले राज्यबाट पाउने विविध सुविधासमेत नपाउन सक्छ ।

# व्यवसायी श्रेष्ठलाई मातृशोक



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी उपेन्द्र श्रेष्ठलाई मातृशोक परेको छ। काठमाडौंको बसुन्धारामा रहेको रियाज एण्ड फराह इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक श्रेष्ठकी आमा प्रेम हरि श्रेष्ठको निधन भएको हो।

विराटनगरकी स्थायी निवासी श्रेष्ठको ६९ वर्षको उमेरमा पाटन हस्पिटलमा चैत ९ गते शुक्रबार निधन भएको हो । स्व. श्रेष्ठका एक छोरी र दुई छोरा रहेका छन् ।

### प्रगतिशील...

गरेको सहयोगका लागि मञ्चप्रति आभार व्यक्त गरे। उनले सरकारी विद्यालयमा अपांगमैत्री संरचना नभएकाले निजी विद्यालयमा पढाउनुपर्ने बाध्यताले गर्दा दाताहरूको आवश्यक रहेको बताए ।

उनले मञ्चले गत वर्ष होलीको अवसरमा प्रदान गरेको सहयोग अपांग बालबालिकाको शिक्षामा लगानी गरिएको जानकारी दिए। लिम्बूले आफ्नो संस्थाले अध्ययन गराएका ६ जना बालिका नर्स बनेर विभिन्न अस्पतालमा सेवा गरिरहेको पनि जानकारी दिए ।

त्यस अवसरमा मञ्चमा आवद्ध व्यवसायीले एकआपसमा अवीर तथा रंग लगाइ खुसी साटासाट गरेका थिए । कार्यक्रममा मञ्चका पदाधिकारी तथा सदस्यहरूसहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष खत्री र द्वितीय उपाध्यक्ष सञ्जु गुरूङ, कार्यसमिति सदस्य सोम लामा तथा पुनर्स्थापना केन्द्रका अध्यक्ष लिम्बू, संस्थाका पदाधिकारी र कर्मचारीलगायतको सहभागिता रहेको मञ्चका कोषाध्यक्ष शीतल मैनालीले जानकारी दिए ।

### नेपाली...

गरेको र अस्वस्थ भएको जस्ता विभिन्न बहाना बनाएको बताए।

प्रहरीले सपिङ सेन्टरबाट सीसीटिभी क्यामरा (क्लोज-सर्किट टेलिभिजन फुटेज) हेर्दा क्यामराले सुटकेस भेटिएको क्षेत्रलाई कभर नगरेको पाइएको थियो। मलेसियामा कुनै व्यक्ति वा पक्षले रकम दाबी नगरे प्रहरीले थप कारबाहीका लागि अदालतमा बुझाउने कानूनी व्यवस्था छ ।

मलेसियाको ए-फाइभ सेक्युरिटी सर्भिसेज कम्पनीमा कार्यरत नेपाली सुरक्षागार्ड दावा शेर्पाले कसैले भुलबस छोडेको ५ लाख मलेसियन रिंगेट करिब डेढ करोड नेपाली रुपैयाँ भएको झोला इमानदारीसाथ प्रहरी कार्यालयमा बुझाएका थिए । उनको इमानदारिताको उच्च कदर गर्दै रोजगारदाता कम्पनीले प्रशंसापत्र, उपहार र पुरस्कारसहित उनलाई सम्मानित गरेको थियो। त्यसले मलेसियामा नेपाली सुरक्षागार्ड अर्थात ‘गोर्खा’प्रतिको विश्वसनीयता थप बढाएको छ ।

### जिल्ला...

दफावार छलफलमा छ। दफावार छलफलका क्रममा नेपाली कांग्रेसका सांसद दिलेन्द्रप्रसाद बडूले पार्टीका तर्फबाट प्रस्ताव राख्दै नयाँ स्वरुपमा जिल्ला शिक्षा कार्यालय राख्नुपर्ने बताएका हुन् ।

विद्यालय शिक्षा तीन वटै सरकारको साझा अधिकार क्षेत्रभित्र रहेको बुझ्नुपर्ने पनि बताएका छन् । ‘माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहेको मत समेत आएको छ। तर यो संघबाट अलग छैन। यसकारण तीन वटै तहको अधिकार र कर्तव्यभित्र पर्छ भन्ने बुझ्नुपर्छ। यसरी प्रष्ट भयौं भने अगाडि बढ्न सहज हुन्छ,’ उनले भनेका छन्। परीक्षा ५, ८, १० र १२ कक्षामा लिनुपर्ने उनको प्रस्ताव छ । ५ कक्षासम्मको परीक्षा स्थानीय तहले लिने, ८ को जिल्लाले लिने र १० कक्षाको परीक्षामा प्रदेशको उपस्थिति गराउने उनको प्रस्ताव छ। १२ कक्षाको परीक्षा केन्द्रले लिने सरकारको प्रस्तावमा बडूले समर्थन गरेका छन्। शिक्षकको सरुवा गर्दा स्थानीय तहले शिक्षा विकास तथा समन्वय कार्यालयको परामर्श लिनुपर्ने व्यवस्था राख्नुपर्ने कांग्रेसले प्रस्ताव राखेको छ ।

यसअघि सरकारले शिक्षकहरुसँग समेत विद्यालय शिक्षा विधेयकका सन्दर्भमा सहमति गरेको छ । विधेयक संसदमा दर्ता भएसँगै शिक्षकहरुले काठमाडौं केन्द्रित आन्दोलन गरेका थिए। त्यसक्रममा सरकारले शिक्षकहरुका माग सम्बोधन गर्ने गरी सहमति गरेको थियो। शिक्षकहरुले भने आफूहरु स्थानीय सरकार मातहत रहन नचाहेको बताउँदै आएका छन् ।

# मोना क्रोएसियाद्वारा आयोजित निबन्ध लेखन प्रतियोगितामा शंकर प्रथम

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ११ चैत

म्याग्दी प्रवासी नेपाली संघ (मोना) क्रोएसियाद्वारा आयोजित निबन्ध लेखन प्रतियोगिताको नतिजा प्रकाशन गरिएको छ। शनिबार म्याग्दीको सदरमुकाम बेनीमा एक समारोहको आयोजना गरी गत फागुन १० गते देखि २५ गतेसम्म आयोजित निबन्ध लेखन प्रतियोगिताको नतिजा प्रकाशनसहित पुरस्कार वितरण गरिएको हो ।



‘प्रवासी म्याग्देली दृष्टि, समृद्ध म्याग्दीको सृष्टि’ भन्ने शीर्षकमा आयोजित लेखन प्रतियोगितामा अन्य १२ प्रतिस्पर्धीलाई पछि पार्दै बेनी नगरपालिका वडा नम्बर ९ नेप्टेचौर निवासी शिक्षक शंकर चोखालले प्रथम स्थान हासिल गरेका छन्। चोखालले उपाधिसँगै रु २० हजार नगद, ट्रफि र प्रमाणपत्र हात पारेका छन्। त्यस्तै प्रतियोगितामा मुकुन्द प्रसाद रेग्मीले द्वितीय हुँदै रु १५ हजार, मित्रबन्धु सुवेदी (कल्याण)ले तृतीय हुँदै रु १० हजार र समिता आचार्यले सान्त्वना रु ५ हजार नगदसहित ट्रफि र प्रमाणपत्र प्राप्त गरेका छन् ।

प्रतियोगीतालाई निष्पक्ष बनाउन त्रिविक्रम सुवेदीको संयोजकत्वमा राम प्रसाद सुवेदी, पशुपति केसी, नन्द गर्वुजा र रामकृष्ण शर्मा रहेको निर्णायक समितिको चयन गरिएको थियो । निर्णयका आधारहरूका बारेमा संयोजक सुवेदीले स्पष्ट पारेका थिए । कार्यक्रममा निर्णायकसहित प्रतियोगितामा सहभागी लिटिल गार्डेनकी सुप्रभा जिसी र प्रकाश माविकी प्रज्ञा रिजाललाई प्रोत्साहन स्वरूप सहभागी प्रमाणपत्र र नगदसहित पुरस्कृत गरिएको थियो ।

विजयीहरूलाई कार्यक्रमका प्रमुख अतिथि बेनी नगरपालिकाका प्रमुख सुरत केसी, मोना क्रोएसियाका अध्यक्ष तथा कार्यक्रमका सभापति रुपेश सुन्दासलगायतले पुरस्कार वितरण गरेका थिए । कार्यक्रममार्फत सहयोगी दाताहरू, जिल्लाका क्रियाशील पत्रकार हरिकृष्ण गौतम र अमित विश्वकर्मालाई दोसल्ला र सम्मान पत्रद्वारा सम्मान गरिएको थियो भने पत्रकार महासंघका अध्यक्ष प्रकाश पौडेल, शिव आचार्य, सन्तोष गौतम, कमल खत्री, साधन राम्जालीलाई सम्मान पत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि केसीले विदेशमा सिकेको ज्ञान र सीपलाई जिल्लामा लगानीसहित हस्तान्तरण गर्न प्रवासी म्याग्देलीहरुलाई आह्वान गरेका थिए। उनले अब जिल्लामा फर्केर उद्योग तथा अन्य उत्पादनको क्षेत्रमा लगानी गर्न आग्रह गर्दै सहजताका लागि नीतिगत निर्णय गर्न आफूहरू तयार रहेको बताए। कार्यक्रममा विभिन्न वक्ताहरूले आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रममा बाल कलाकार हरूले आकर्षक नृत्य प्रस्तुत गरेका थिए भने गोकुल सुनारले सहजीकरण गरेका थिए । मोना क्रोएसियाका संस्थापक अध्यक्ष तथा निबन्ध लेखन प्रतियोगिताका संयोजक रामकृष्ण शर्माद्वारा लिखित स्वागत मन्तव्य अनिता गौतमले वाचन गरेकी थिइन् । प्रवासमा तथा जिल्लामा रहेका म्याग्देलीहरुको बौद्धिक स्तर वृद्धिसहित शिक्षित व्यक्तिहरूलाई आफ्नो क्षमता प्रस्तुत गर्ने अवसरको रूपमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिएको र यस्ता कार्यक्रमहरूलाई मोना क्रोएसियाले निरन्तरता दिने बताउँदै अध्यक्ष सुन्दासले कार्यक्रमको समापन गरेका थिए ।

# सामाखुसी साहित्य समाजको कविता वाचन कार्यक्रम सम्पन्न

काठमाडौं/मस- सामाखुसी साहित्य समाजले द्वैमासिकरूपमा सञ्चालन गर्दै आएको ११८औं कविता वाचन कार्यक्रम सम्पन्न भएको छ । शनिबार सामाखुसी चोकस्थित श्वेता सदन विद्यालयमा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ चेतनाथ धमलाको प्रमुख आतिथ्यतामा कविता वाचन कार्यक्रम सम्पन्न भएको हो ।



कार्यक्रमका प्रमुख अतिथि धमलाले वाचित कविताहरूमाथि टिप्पणी गर्दै साहित्य समाजका आरोहअवरोहहरू बुझ्न जरुरी रहेको बताए । उनले साहित्य वर्गीय, रैथाने चेतना, पहिचान र सौन्दर्यसँग जोडिएको बताउँदै कवितामा समाजका यस्तै कथाहरू प्रस्तुत हुन सक्नुपर्ने धारणा राखे। उनले ’भ्रम’ शीर्षकको कवितासमेत वाचन गरेका थिए ।

कार्यक्रमका विशेष अतिथि कवि विनोद दाहाल वत्स, अतिथि कविहरू निर्मलरमण पराजुली, प्रमोद नेपाल, चन्द्रा न्यौपाने, लुमडीप्रसाद खनाल, माधव बिडारी, एच.के धिताल, वीरबहादुर लोहनी, राजेशमान केसीलगायतले आ-आफ्ना कविता वाचन गरेका थिए।

कार्यक्रमको अध्यक्षता गरेका कवि डा. मेघराज ढकालले आफ्नो मनतव्यसहित कविता वाचन गरेका थिए । यसैगरी कार्यक्रममा समाजका सचिव अरुणबहादुर खत्री नदीले स्वागत मनतव्यसहित केही टुक्का कवितासमेत वाचन गरेका थिए। आफ्नो कविता वाचनसहित कार्यक्रमको सञ्चालन कवि दिनेश थापाले गरेका थिए ।

## पितिवाङ खोलामा समाजवादी मोर्चाको दबाब कार्यक्रम

# ‘कि काम शुरु गर, कि ठेक्का रद्द गर’

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, ११ चैत




समाजवादी मोर्चा रुकुम पश्चिमले पितिवाङ खोला पुल निर्माणस्थलमा दबाब कार्यक्रम गरेको छ। मोर्चाले आइतबार राप्ती लोकमार्ग अन्तर्गत पितिवाङ खोलामा निर्माणाधीन सडक पुलस्थलमा दबाब कार्यक्रम आयोजना गरेको हो। विगत ४ वर्षदेखि अलपत्र पारिएको पुल निर्माणको काम तुरुन्त शुरु गर्न दबाब दिने उद्देश्यले दबाब कार्यक्रम आयोजना गरिएको मोर्चाका जिल्ला संयोजक गोविन्द रोका सचिनले जानकारी दिए।

मोर्चाले अबको एक हप्ता पर्खने र काम शुरु नभए जिल्ला प्रशासन कार्यालय घेराउलगायतका थप संघर्षका कार्यक्रम सञ्चालन गर्ने उनले बताए। पितिवाङ पुलको विषयमा मोर्चाले गत फागुन २७ गते जिल्ला प्रशासन कार्यालयमा अल्टिमेटमसहितको ज्ञापनपत्र बुझाएको थियो। चैत ७ गतेको समयसीमाभित्र पुल निर्माणको काम शुरु नगरिएपछि मोर्चाले आइतबार दबाब कार्यक्रम गरेको हो।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य वसन्त शर्मा र एकीकृत समाजवादीका प्रदेश उपाध्यक्ष ठगेन्द्र पुरीले जनताका एजेण्डा र सुशासनको पक्षमा समाजवादी मोर्चा निरन्तर संघर्षरत रहने बताए। नेपाल कम्युनिष्ट पार्टीका जिल्ला सेक्रेटरी हरी सीले सञ्चालन गरेको संक्षिप्त कार्यक्रममा नेकपाका जिल्ला इञ्चार्ज चन्द्र सी, एकीकृत समाजवादीका जिल्ला सचिव सुरज परियार, त्रिवेणी गाँउपालिकाका अध्यक्ष गणेश केसी, मुसिकोट वडा नं १२ का अध्यक्ष धिरन सिर्पाली, मुसिकोट ११ का वडाध्यक्ष गोविन्द बुढालगायत नेता, कार्यकर्ता तथा स्थानीयको उपस्थिति रहेको थियो।

सरोकारवालाहरुले पटक-पटक ध्यानाकर्षण गराउँदासमेत निर्माण कम्पनी र सम्बन्धित सरकारी निकायहरुले बेवास्ता गरेपछि समाजवादी मोर्चा सडक संघर्षमा उत्रिएको हो। यस विषयमा निर्माण कम्पनीका सञ्चालक केशव लामिछानेसँग टेलिफोन सम्पर्क गर्दा पुलका लागि चाहिने ३७ टन डण्डी नेपालगञ्जमा खरिद गरिसकेकाले चाँडै काम शुरु गर्ने आश्वासन दिएका थिए।

यस्तै डिभिजन सडक कार्यालय चौरजहारीका प्रमुख तेजस्वी शर्माले अबको केही दिनभित्र काम शुरु नगरे ठेक्का रद्द गर्ने अन्तिम तयारी गरिएको जानकारी दिए। राप्ती लोकमार्गअन्तर्गत रुकुम पश्चिमको मुसिकोट नगरपालिका वडा नं. ११ र १२ स्थित पितिवाङ खोलामा २०७८ वैशाख ७ गतेसम्म पुल निर्माण गर्ने गरी संरक्षण निर्माण सेवा प्रा.लि. र डिभिजन सडक कार्यालय चौरजहारीबीच २०७६ असार ८ गते कार्यसम्झौता भएको थियो। मूल्य अभिवृद्ध करबाहेक ४ करोड १२ लाख ३९ हजार ३७५ निर्माण लागत रहेको उक्त पुल ४ वर्षदेखि अलपत्र अवस्थामा छोडिएको छ। पुल नबन्दा पैदल यात्रु, यात्रुबाहक सवारी साधन, उद्योगी व्यवसायीका मालबाहक गाडी, बिरामी बोकेका एम्बुलेन्सले सास्ती पाइरहेका छन्।

## सुनकोशीले बगाउँदा तीन बालबालिका बेपत्ता



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ११ चैत

उदयपुरमा पौडी खेल्ने क्रममा सुनकोशी नदीले बगाउँदा तीन बालबालिका बेपत्ता भएका छन्। त्रियुगा नगरपालिका-१४ साउनेस्थित धाप्लाङ झोलुङ्गे पुल नजिक सुनकोशी नदीमा पौडी खेल्ने क्रममा कोशीले बगाउँदा आइतबार तीन जना बालबालिका बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी हरिनन्दन चौधरीले जानकारी दिए।

बेपत्ता हुनेहरुमा त्रियुगा नगरपालिका-१४ साउने बस्ने रुद्र पुलामीकी छोरी अन्दाजी १२ वर्षीया रेखा मगर, सोही ठाउँ बस्ने केदार मगरका छोरा अन्दाजी ९ वर्षीय रिदम मगर र मेहरमान मगरका छोरा अन्दाजी १२ वर्षीय लोकबहादुर मगर रहेको प्रहरीको भनाइ छ।

होली खेल्दै जाने क्रममा समूहमा सुनकोशी नदीमा पौडी खेल्दा खेल्दै बगाएका अन्यलाई उद्धार गरिए पनि तीन जना बालबालिकालाई बगाएको त्रियुगा नगरपालिका-१४ का वडा अध्यक्ष हिमराज मगरले मध्यान्हलाई जानकारी दिए।

## अर्घाखाँचीमा लोप हुँदै गुन्द्री बुन्ने परम्परा

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, ११ चैत



पहिले-पहिले परालको गुन्द्री नभएको घर नै हुँदैन थियो। पछिल्लो समय गुन्द्री बिरलै देख्न पाइन्छ। परालको गुन्द्री वर्षभरि ओछ्याउन, बस्न, अन्न सुकाउन, केही ठाँउमा मृत्यु हुँदासमेत घाटमा नयाँ गुन्द्री लैजाने र जलाउने चलन थियो। चारवटा किला गाडेर जुटको तानमा (साचो) हतासो राखेर परालको गुन्द्री बुन्ने गरिन्छ। धान काटेपछि अलि लामो पराल छुट्याएर गुन्द्री बुन्ने चलन गाउँघरमा कम मात्र देख्न पाइन्छ।

पछिल्लो समय कम मूल्यमा बजारमा प्लाष्टिकबाट बनेका गुन्द्री पाइन थालेपछि परालबाट बनेका गुन्द्रीको महत्व हराउँदै गएको स्थानीयहरु बताउँछन्। यस्तै नयाँ पुस्ताले यो पुरानो शैलीको गुन्द्री तयार गर्ने सीप सिक्न जाँगर नगर्नु मुख्य कारण भएको अर्घाखाँचीको मालारानी गाउँपालिका वडा नम्बर ४ कि ७० वर्ष कटेकी गोपा रिजालको भनाइ छ।

पहिला पहिला रातभर तान बाटेर गुन्द्री बुन्ने चलन थियो। आजभोलि बजारमा गुन्द्री बुन्नका लागि विभिन्न थरीका धागोहरु आएका छन्। जति सुविधा आयो मान्छोमा त्यति जागँर हराउँदै गएकाले गुन्द्री बुन्ने परम्परा लोप हुँदै गएको गोपाको भनाइ छ।

गाईभैंसीलाई घाँसमा प्रयोग हुने बाबियो बाटेर ताना बाटेर गुन्द्री बुन्ने चलन पनि रहेको थियो। बाबियाको डोरी नबनाए पनि जुटको डोरी प्रयोग गरेर हरेक वर्ष गुन्द्री बुन्दै आएको भूमिकास्थान नगरपालिका वडा नम्बर ९ ढिकुराकी विस्नी भट्टराईले बताइन्। ‘गुन्द्रीले धेरै न्यानो बनाउँछ। खाटमा होस् वा पलङमा हामी यसलाई ओछ्याएपछि मात्र बिस्तारा लगाउँछौं,’ उनी भन्छिन्, ‘अहिले पनि यो नओछ्याई निन्द्रै लाग्दैन।’ नयाँ पुस्ताले परम्परागत वस्तुहरूको उत्पादनमा ध्यान नदिने हो भने मौलिक परम्परा संरक्षण गर्न कठिनाइ हुने उनले बताइन्। बजारमा सजिलै पाइने प्लास्टिकका गुन्द्री र म्याटको बढ्दो प्रयोगसँगै परम्परागत परालको गुन्द्री बुन्ने चलन हराउँदै गएको छ। गाउँघरमा केहीले मात्र आफूलाई आवश्यक पर्ने गुन्द्री बुन्दै आएका छन्।

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Public Relation Officer (P.R.O) - (2 Male/Female)
Receptionist - 2 (Female)

SALARY Negotiable

**Requirements:**
Candidates must know English Language and Computer Skills.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph to the following address.*

Ktm White Pearl H.R. Consultancy Pvt. Ltd.
Shivapriya Marg, Sukedhara, Kathmandu, Tel : 01-5909824
Mobile:9813648113, 9861166871
E-mail : ktmwhitepearl@gmail.com, Web : www.whitepearlhr.com
WPHRC
श्रम इजाजत नं.: १५३२/०७८/०७९

## हुम्लाबाट ११ सय ९५ विद्यार्थी एसईईमा सहभागी हुँदै



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ११ चैत

यही चैत १५ गतेबाट शुरु हुने माध्यामिक शिक्षा परीक्षा (एसईई)मा हुम्ला जिल्लाबाट ११ सय ९५ जना परीक्षार्थी सहभागी हुने भएका छन्। जिल्लाका २८ वटा माध्यमिक विद्यालयबाट ११ सय बढी विद्यार्थीले एसईईमा सहभागिता जनाउन लागेको शिक्षा विकास तथा समन्वय इकाइले जनाएको छ।

परीक्षामा ५ सय ८५ जना छात्रा र ५ सय ३ जना छात्र तथा ७ जना ग्रेडवृद्धि दिने गरेर ११ सय ९५ जना परीक्षार्थी सहभागी हुन लागेको इकाइले बताएको छ। जिल्लाका ७ वटा गाउँपालिकामा ६ वटा परीक्षा केन्द्र तोकिएको छ।

सिमकोट गाउँपालिकाबाट मानसरोवर माध्यमिक विद्यालय र बालमन्दिर माध्यमिक विद्यालय केन्द्र तोकिएको छ भने सर्केगार्ड गाउँपालिकामा हिमज्योति विद्यालय, कोट माध्यमिक विद्यालय रोडिकोट, अदानचुली गाउँपालिकामा सूर्योदय माद्यामिक विद्यालय, श्रीनगर र ताँजाकोट गाउँपालिकामा मदानादेव माद्यामिक विद्यालय केन्द्र तोकिएको छ। चंखेली, खार्पुनाथ र नाम्खा गाउँपालिकामा भने परिक्षा केन्द्र तोकिएको छैन।

जिल्लाका ६ वटा परीक्षा केन्द्रमा बालमन्दिर माध्यामिक विद्यालयमा २ सय ५३, मानसरोवर माध्यमिक विद्यालयमा १ सय ७२, हिमज्योति माध्यमिक विद्यालयमा २ सय ६६, सूर्योदय माद्यामिक विद्यालयमा १ सय ५६, मदनादेव माध्यमिक विद्यालयमा २ सय ११ र कोट माध्यमिक विद्यालय रोडिकोटमा १ सय ३६ जना एसईई परीक्षार्थी सहभागी हुने छन्।

## स्वरोजगार बनाउन सिलाइ कटाइ तालिम

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ११ चैत

कालीकोटको तिलागुफा नगरपालिकामा गाउँमै स्वरोगार बनाउने उद्देश्यले महिलाहरुलाई सिलाइ कटाइ तालिम दिन शुरु गरिएको छ।

उद्यमशिलता विकास तथा महिला आर्यआर्जन कार्यक्रम अन्तर्गत सीप विकास सिलाइ कटाइ तालिम तिलागुफा नगरपालिका वडा नम्बर ११ मा सञ्चालन गरिएको उद्योग तथा उपभोक्ता संरक्षण हित कार्यालय कालीकोटका नासु धिरेन्द्र बहादुर शाहीले बताए।

उद्योग तथा उपभोक्ता संरक्षण हित कार्यालय कालीकोटको आर्थिक सहयोग तथा समन्वयमा कार्यक्रम सञ्चालन गरिएको हो। नगरपालिकाभित्रका महिलाहरुलाई लक्षित गरी सिलाइ कटाइ तालिमको आयोजना गरिएको उद्योग तथा उपभोक्ता संरक्षण हित कार्यालय कालीकोटका कार्यबाहक अध्यक्ष कुम्भ बहादुर शाहीले बताए।

चैत ९ गतेदेखि शुरु भएको तालिम असार ९ गतेसम्म ९० दिन सञ्चालन हुने छ भने तालिममा १० जना सहभागी छन्। तालिममा सिकेका सीपलाई व्यवहारमा उतार्न पनि उद्योग तथा उपभोक्ता संरक्षण हित कार्यालय कालीकोटले आग्रह गरेको छ। पछिल्लो समय जिल्लामा अधिकांश ठाउँमा विभिन्न सीपमूलक तालिम दिइँदै आएको छ।

**हार्दिक समवेदना**



जन्म
वि.सं. २०११ कात्तिक ८ गते

स्वर्गारोहण
वि.सं. २०८० चैत ९ गते

**स्व. प्रेम हरि श्रेष्ठ**

रियाज एण्ड फराह इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक उपेन्द्र श्रेष्ठका ममतामयी माता **प्रेम हरि श्रेष्ठ**को यही मिति २०८० चैत ९ गते, ६९ वर्षको उमेरमा असामयिक निधन भएकोमा हामी स्तब्ध छौं। स्वर्गीय श्रेष्ठज्यूको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै, यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भन्दै भगवान्सँग प्रार्थना गर्दछौं।

रियाज एण्ड फराह इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.
परिवार
बसुन्धरा, काठमाडौं, नेपाल

**Bagmati Province Government**
**Ministry of Social Development**
### Education Training Centre
**Dhulikhel, Kavrepalanchok**

### Invitation for Sealed Quotation

**Date of publication: 2080/12/12 (25/03/2024)**

1. Education Training Centre, Dhulikhel invites sealed quotation for the Construction of Compound Wall at Education Training Centre, Dhulikhel as mentioned in in table below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Education Training Centre, Dhulikhel, Kavre, Phone no:-011-490353,9851239614, may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Office (Inland revenue) account as specified below and scanned copy (pdf format)of the bank deposit voucher shall be uploaded b the bidders at the time of electronic submission of the bids .
   Information to deposit the cost of bidding document in Bank:
   Cost of Bidding document NRs 1000
   Name of the Bank: - Rastriya Banijya Bank, Dhulikhel Branch, Kavre
   Name of Office: - Education Training Centre, Dhulikhel, Kavre
   Office Code no. : - 3500326013
   Inland Revenue Account no (for Cost of Bidding document) Revenue account: - 1000100200010000 (Rajaswa Shirsak no.:14229)
   Dharauti Account no (for Bid Security) Deposit account: - 1040100202030000 (KHA-2-3: Dharauti A/C/PRA.LE.NI.KA
4. Sealed bids must be submitted to the office Education Training Centre, Dhulikhel, Kavrepalanchok through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2080/12/27 (09/04/2024). Bids received after this deadline will be rejected.
5. The Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on 2080/12/27 (09/04/2024) at the office of Education Training Centre, Dhulikhel, Kavrepalanchok. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security. The bid security amounting prescribed in the following table which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract ID | Name of Project | Address | Estimated Amount (Without VAT and PS) | Bid Security Amount (NRS.) |
|---|---|---|---|---|---|
| 1. | ETC/WORKS/ 02/080-081 | Construction of Compound Wall at Education Training Centre, Dhulikhel | Dhulikhel-6, Kavre | 16,69,545.62 | 50,000 |

**Training Chief**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१२ चैत २०८०, सोमबार
25 March 2024, Monday

सम्पादकीय

## खेलकुदमन्त्रीलाई पुरानै चुनौती

नयाँ सरकार बनिरहँदा सधैं गृह, अर्थ जस्ता प्रभावशाली मन्त्रालयहरू नेताहरूको रोजाइमा पर्ने गर्छ । आमचासो पनि यिनै मन्त्रालयहरूमा हुने गर्छ । गृह र अर्थपछि भौतिक पूर्वाधार, संघीय मामला एवं सामान्य प्रशासन, शिक्षा, उद्योग जस्ता मन्त्रालय रोजाइमा पर्नेगर्छ । मन्त्रालय रोजाइमा पर्नु वा नपर्नुको मानक चाहिँ त्यस मन्त्रालयमा जाने बजेट र प्रभावको मात्रा हो । थोरै बजेट भएका महिला, बालबालिका तथा जेष्ठ नागरिक र युवा तथा खेलकुद मन्त्रालय सधैं उपेक्षित हुने गर्छ । तर यो प्रवृत्ति तोड्दै यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले युवा तथा खेलकुद मन्त्रालय लियो । हुन त रास्वपाका गृह, शिक्षा र श्रम तथा रोजगार जस्ता बलिया मन्त्रालय पनि लिएको छ । तर सँगै युवा तथा खेलकुद मन्त्रालय समेत लिन रास्वपा राजी भयो, र सांसद विराजभक्त श्रेष्ठलाई उक्त मन्त्रालयमा पठायो ।

श्रेष्ठले युवा तथा खेलकुद मन्त्रालय सम्हालेपछि नयाँ तरंग ल्याउन पनि सफल भएका छन् । खेलकुद मन्त्रालयले यो तहको तरंग पाएको संभवतः यो पहिलोपटक हो । किनकि यसअघि खेलकुद मन्त्रालयबारे चासो त के मन्त्रीकै नाम समेत धेरैलाई थाहा नहुने गर्थ्यो । तर मन्त्री श्रेष्ठको व्यक्तिगत आकर्षणका कारणले पनि खेलकुद मन्त्रालय युवा पंक्तिमा चासोको विषय बनेको छ । सँगै मन्त्री श्रेष्ठले पनि देखिनेगरी केही ठोस् निर्णय समेत लिइसकेका छन् । खेलाडीको नाममा गैरखेलाडी विदेश पठाउने, दशरथ रंगशालामा खेलकुद बाहेकका गतिविधिमा रोक, खेलाडी आवाश गृह जस्ता विषयमा मन्त्री श्रेष्ठले देखिने पहलकदमी लिए । जसकारणले उनी र खेलकुद मन्त्रालय समाचारको विषय बनेको छ ।


त्यसैले नेपालको खेलकुद क्षेत्रमा देखिनेगरी ठोस् काम थाल्ने यो उपयुक्त समय पनि हो । किनकि मन्त्री र मन्त्रालयको चाहनाले मात्रै संस्कृति निर्माण जस्तो विषय सजिलै संभव हुन्न । तर अहिले नेपालमा बढिरहेको खेल आकर्षण र उस्तै आकर्षणमा रहेका व्यक्ति मन्त्री रहेको संयोगकै जगमा खेल क्षेत्रको विकासमा ठोस् काम गर्ने उपयुक्त समय हो । जसका लागि मन्त्री श्रेष्ठले लोकप्रियता भन्दा पनि खेलाडी र खेल पूर्वाधारका निम्ति नीतिगत निर्णयतर्फ ध्यान दिनुपर्छ । नत्र अवसरको खोजीमा खेलाडी विदेशिने प्रवृत्ति रोकिने छैन । नयाँ खेलाडी खोजिरहनुपर्ने र भएका खेलाडीले देश छोड्ने क्रम जारी रहनेछ ।

# सीमान्तकृतको इतिहास जोगाउने सवाल

अग्रलेख



● राजकुमार दिक्पाल



सामाजिक र भौगोलिक विविधताले नेपालको सौन्दर्य भरिपूर्ण छ तर, यहीँ विविधताभित्र अनेकौं असमानता पनि छन् । ती असमानतालाई विभिन्न कोणबाट निरूपण गर्न प्राज्ञिक माध्यमबाट पनि प्रयास थाल्नुपर्ने ठूलो आवश्यकता छ । विकास र शान्तिका लागि सामाजिक असमानता ठूलो बाधक हो । समतामूलक समाज निर्माणका लागि विगतमा भएका कमजोरीको इतिहास बटुलेर त्यसलाई निफल्न जरुरी छ । विगतमा राज्यबाटै ऐन निर्माणका क्रमबाट भएका कमीकमजोरीले कतिपय जातिगत र सामाजिक समूह अहिले पनि सीमान्तकृत अवस्थामा गुज्रिएका छन् । त्यसैले सीमान्तकृतको छुट्टै इतिहास लेखनको क्षेत्रले पनि यथोचित प्रोत्साहन पाउन सकेन । नेपालको इतिहास भनेकै राजा महाराजाको गाथा हो भन्ने धारणालाई चिर्न पनि अब सीमान्तकृतको इतिहास लेखनले उचित वातावरणको खोजी गरिरहेको यस प्रसङ्गमा स्मरणीय छ ।

तत्कालीन इष्ट इन्डिया कम्पनीका कर्णेल विलियम कर्कप्याट्रिकले सन् १८११ (विसं १८६८) मा प्रकाशित गरेको 'एन एकाउन्ट अफ द किङ्डम अफ नेपाउल' नेपालका बारेमा लेखिएको पहिलो इतिहासको पुस्तक हो । उनी १८४९ सालमा नेपाल आएका थिए । एक महिना जति नेपाल बस्दा उनले जे जति टिपोट गर्न भ्याए, त्यसैलाई उनले पुस्तकका रूपमा प्रकाशित गरे । त्यसको आठ वर्षपछि फ्रान्सिस ह्यामिल्टनले 'एक एकाउन्ट अफ द किङ्डम अफ नेपाल' (सन् १८१९) प्रकाशित गरे । नेपालको इतिहास लेखिएको यो दोस्रो पुस्तक हो ।

नेपालमा इस्ट इन्डिया कम्पनीको रेजिडेन्स खुलेपछि ह्यामिल्टन एक चिकित्सकका रूपमा नेपाल आएका थिए । त्यही मौकामा उनले नेपालको इतिहास बटुलेर पुस्तकको आकार दिए । विदेशी लेखकले नेपालको इतिहास प्रकाशित गरेको एक सय तीन वर्षपछि १९७९ सालमा बल्ल एक नेपाली लेखक अम्बिकाप्रसाद उपाध्ययले 'नेपालको इतिहास' प्रकाशित गरे । भारतमा रहेर कानुनविद्का रूपमा काम गरिरहेको बेला उनले यो पुस्तक प्रकाशित गर्दा चन्द्रशमशेरले नेपालको शासन चलाइरहेका थिए । 'नेपाल देशका अधिपति', 'विष्णुको अंश' आदि विशेषणका साथ चन्द्रशमशेरलाई नै समर्पण गरिएको यो पुस्तक राणाहरूको प्रशंसाले भरिएको छ ।

राणाकालजस्तो त्यो अन्धकार युगमा पुस्तक प्रकाशित गर्नु एक जोखिमपूर्ण काम थियो । त्यस्तो जोखिमपूर्ण समयमा प्रा. तोत्रराज पाण्डे र पं. नयराज पन्त मिलेर २००४ साल 'नेपालको संक्षिप्त इतिहास'को प्रकाशन भयो । त्यहीँ बेला भारतमा आएको नवजागरणले त्यहाँ रहेका नेपालीलाई पनि प्रभाव पारेको थियो । त्यसैबेला दार्जिलिङ्गमा सूर्यविक्रम ज्ञवालीले द्रव्य शाह र पृथ्वीनारायण शाहको इतिहास लेखेका ज्ञवालीले 'भानुभक्तको जीवनी', 'अमरसिंह थापा', 'वीर बलभद्र' जस्ता इतिहास पनि लेखे । भानुभक्त आचार्य, अमरसिंह थापा, बलभद्र कुँवरहरू कुनै राजा महाराजा होइनन् । भुइँबाट उठेर देशको सेवा गर्ने यी व्यक्तित्वहरूको इतिहासको लेखनले त्यसबेलै इतिहास राजा महाराजाहरूको मात्रै हुँदैनन् भन्ने मान्यता स्थापित हुन पुगेको थियो । राणाशासनकै समयमा सिक्किमको गान्तोकमा रहेर इमानसिंह चेम्जोङले 'किरात इतिहास' लेखेर इतिहास लेखनको क्षेत्रमा अर्को आयाम थपे । उनले जातिगत र सामाजिक समूहको पनि छुट्टै इतिहास लेख्न सकिन्छ भन्ने अवधारणा त्यसबेलै प्रस्तुत गरेका थिए तर, त्यसपछि लेखिएका इतिहासहरू राजा महाराजाकै सेरोफेरोबाट खासै मुक्त हुन सकेको देखिँदैन ।

